प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

# यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा

बागमती प्रदेश

मकवानपुर, नेपाल।

प.सं.: २०७७/०७८

च.नं.: ...............

मिति २०७८।०४।०१

## सूचना

प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची-२ (३) को विविध खण्डको १९ नम्बर बुँदामा प्रदेश भित्र सवारी साधन खरिद बिक्रि गर्ने शोरुम र रिकन्डिशन हाउसले सवारी साधनहरु खरिद बिक्रि गर्ने उद्देश्य राखी व्यवसाय गरेमा सो संस्थाले अनिवार्य रुपमा सम्वन्धित यातायात व्यवस्था कार्यालयबाट संचालन अनुमतिपत्र लिनु पर्नेछ भन्ने व्यवस्था भएको साथै ऐ.ऐ. ऐनको अनुसुची २, को ण. खण्डमा सवारी साधन बिक्रि शोरुम र रिकन्डिशन हाउस संचालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुर समेत निर्धारण भएकोले सम्वन्धित शोरुम तथा रिकन्डिशन हाउसहरुले पछि बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रायलबाट निर्धारण कार्यविधि बमोजिम हुने गरी हाललाई निर्धारित राजस्व दाखिला गरी निम्न बमोजिमका कागजात साथ राखि यस कार्यालयको प्रशासन शाखामा सूचिकरण हुन जानकारी गराइन्छ ।

राजश्व दस्तुर :

| क्र.सं. | स्थिर पुँजी | अनुमतिपत्र दस्तर रु. |
|---|---|---|
| १ | रु ३ करोड सम्म (साना उद्योग) | ७०००।- |
| २ | रु ३ करोड देखि १० करोड सम्म (मझौला उद्योग) | १०,०००।- |
| ३ | रु. १० करोड देखि माथि (ठूला सद्योग) | ३०,०००।- |

**संलग्न गर्नुपर्ने कगजात :**

१. संस्थाको आधिकारीक निवेदन
२. नवीकरण वहाल रहेको दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. करचुक्ता प्रमाणपत्र
४. कम्पनी दर्ताको हकमा प्रवन्धपत्र, नियमावलीको प्रतिलिपी
५. स्थायि लेखा/ मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
६. कम्पनी प्रतिनिधि तोकिएको पत्र र नमूना हस्ताक्षर
७. कम्पनी प्रतिनिधिको नागरिकता प्रतिलिपी/परिचयपत्रको प्रतिलिपी
८. कम्पनी रहेको स्थानको जग्गाधनि घरधनिसँगको वहाल सम्झौता (वहालमा रहेको हकमा)
९. कम्पनी रहेको जग्गाधनि धनिपूर्जाको प्रतिलिपी

.....................
भक्त बहादुर भण्डारी
(कार्यालय प्रमुख)

फोन नं.: ०५७- ५२६१५८, इ- मेल ठेगाना: admin.hetaudayatayat@bagamati.gov.np